# PAPER-III
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) __________________________

   (Name) ____________________________

2. (Signature) __________________________

   (Name) ____________________________

OMR Sheet No. : ..............................................

(To be filled by the Candidate)

Roll No. | | | | | | | | |

(In figures as per admission card)

Roll No.________________________________

(In words)

| J | 3 | 4 | 1 | 2 |
|---|---|---|---|---|

Time : 2 $^1/_2$ hours] [Maximum Marks : **150**

Number of Pages in this Booklet : **12** Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** Ⓐ Ⓑ ● Ⓓ
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण** : Ⓐ Ⓑ ● Ⓓ
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई अंक काटे नहीं जाएँगे ।**

# नेपाली

**प्रश्नपत्र – III**

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are compulsory.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । सबै प्रश्न अनिवार्य छन् ।

**1.** 'भर दिल तन्त्री
नव लय मन्त्री
अयि करवीणा
शठ तम हन्त्री'

– यस पद्यांशको भावोद्देश्य के हो ?

(A) वालोपदेश
(B) वीणावादनपूर्व गरिने आवाहन
(C) राजस्तुति
(D) सरस्वती वन्दना

**2.** 'नियति' उपन्यासमा घुम स्टेसनदेखि बिर्जमान आफ्नो पल्टनको डिपोमा फर्फँदा कुन रेलगाडीमा चढेर फर्केको थियो ?

(A) दार्जिलिङ मेल
(B) जी एल एक्सप्रेस
(C) आसाम मेल
(D) नन्दादेवी ब्लु मेल

**3.** 'चर्खामा विधिले विचित्र ढँगले काते सुनौला कुरा
चोला मानिसको खड़ा हुन गयो बुन्दा त्यही तानमा ।
मैलो भैकन भार भूकन बनी उध्रेर जाला भनी
स्वर्गेतर्फ उडी सुनै सुन हुने गाना बन्यो जीवनी ।।'

– यस पद्यांशमा 'चर्खा' शब्द कुन अर्थमा प्रयोग गरिएको छ ?

(A) सूर्यका वरिपरि परिक्रमा गर्दो पृथिवी
(B) सौरमण्डल
(C) कालचक्र
(D) धागो कात्न प्रयोग गरिने यन्त्र विशेष

**4.** 'सतीको आवेदन देवताका घरमा कहिल्यै व्यर्थ हुँदैन ।'

– यो वाक्य कुन पाठबाट लिइएको हो ?

(A) मुकुन्द इन्दिरा
(B) भ्रमर
(C) मुटुको व्यथा
(D) मुलुकबाहिर

**5.** 'पूर्वीय दर्शन र साहित्यलाई नेपाली काव्यमा भरी उनले कवितात्मक सौन्दर्य विशेष झल्काएका छन् ।' – यस्तो समालोचकीय मन्तव्य कुन नेपाली साहित्यकारका सन्दर्भमा प्रकट गरिएको हो ?

(A) बालकृष्ण सम
(B) लक्ष्मीप्रसाद देवकोटा
(C) सोमनाथ सिग्घाल
(D) लेखनाथ पौड्याल

**6.** भानुभक्तले अध्यात्म रामायण र रेवतीरमण न्यौपानेले तुलसीकृत रामायण नेपालीमा प्रस्तुत गरे भने रमाकान्त बरालले प्रस्तुत गरेको रामायण कुन हो ?

(A) अद्‌भुत रामायण
(B) भुशुण्डी रामायण
(C) आदि रामायण
(D) भक्तिकाण्ड रामायण

**7.** 'अभिधा, लक्षणा र व्यञ्जना शब्दार्थबोधक शक्ति मात्र हुन् । त्यसर्थ वाक्यार्थ बोधका निम्ति तात्पर्यवृत्ति आवश्यक छ ।'

– यो मत कुन सम्प्रदायका आचार्यको हो ?

(A) ध्वनिवादी
(B) अन्विताविधानवादी
(C) वक्रोक्तिवादी
(D) अभिहितान्वयवादी

**8.** काव्यमा कुन रसको परिपाकका निम्ति श्रुतिकटुताजस्तो काव्यदोष पनि गुण सिद्ध हुनसक्छ ? तल दिइएका कोडको सहायता लिंदै सही अर्थ चिह्नित गर्नुहोस् ।

(क) शान्त
(ख) वीर
(ग) शृङ्गार
(घ) रौद्र

(A) ख
(B) घ
(C) ख, घ
(D) क, ग

**9.** 'जोगमाइमा बा पनि सङ्क्रान्तिमा पिण्ड दिन आउनुहुने रे । भेट भो भने म लगतै फिरिहाल्छु ।'

'आज रमिता छ' – मा उपन्यासकारले यहाँ कुन सङ्क्रान्तिको कुरा गरेका हुन् ?

(A) पौष सङ्क्रान्ति
(B) माघे सङ्क्रान्ति
(C) वैशाख सङ्क्रान्ति
(D) श्रावण सङ्क्रान्ति

**10.** "हे धरतीलाई विभाजन गर्न खोज्नेहरु हो ! तिमीहरुको शक्ति छ भने आकाश र बतासलाई विभाजन गर, थाम र जूनलाई पनि तिम्रो देशको सिमानादेखि बाहिर निस्केर जानवदेऊ । बादल र ताराहरुलाई पनि विभाजन गर, तर मुटुमित्रको माया र मानवताको साइनोलाई विभाजन नगर ।"

– यो कुरा कुन कृतिमा कुन प्रसङ्गमा भनिएको हो ?

(A) जय धमलाकृत रगतको पसिना उपन्यासमा भारत-पाकिस्तान युद्धका सन्दर्भमा ।
(B) विकास गोतामेको 'लड वीरबहादुर तिमी लड' – को भूमिकामा गोर्खाल्यान्ड आन्दोलनका सन्दर्भमा ।
(C) मनबहादुर मुखियाको 'निराकारमित्रको धमिलो आकार' – मा बर्माबाट नेपालीहरु लखेटिएको सन्दर्भमा ।
(D) गोविन्द शर्मा कृत 'लड्न जन्मेकाहरु' उपन्यासमा भारत-पाकिस्तान युद्धका सन्दर्भमा ।

**11.** 'हुस्सुडंड, उल्लूडंड, ब्रह्माण्डीडंड, छोयाडंड, माल्याडंड, किरान्याडंड, भैंस्याडंड, सिकारीडंड, फाकेडंड' – यी नौ थरीका दण्डहरुको विधान कुन कृतिमा कसले गरेको पाइन्छ ?

(A) 'हास्यकदम्ब' नाटकमा रणबहादुर शाहले
(B) 'अटलबहादुर' नाटकमा राजाले
(C) 'अमरसिंह' नाटकमा अक्टरलोमीले
(D) 'भीमसेन्को अन्त्य' – मा रानी राजराजेश्वरीले

**12.** "स्वर्ग सुखभोग नपुगेको द्योतक कल्पना हो; नरक दुःखसित चिढिएको परिचायक कल्पना हो ।"

– यो कथन तल उल्लेख गरिएका कुन लेखकको कुन कृतिबाट लिइएको हो ?

(A) बालकृष्ण समको 'प्रेमपिण्ड'
(B) लक्ष्मीप्रसाद देवकोटाको 'सुलोचना'
(C) रामकृष्ण शर्माको 'कविको धन'
(D) बालकृष्ण समको 'अमरसिंह'

**13.** "कविता कोमल वनिता रसयति रसिकम् रसेन सम्मिलिता"

– यी पङ्क्ति कुन कविको कुन कृतिबाट झिकेर यहाँ प्रस्तुत गरिएका हुन् ?

(A) लेखनाथ पौड्यालको 'तरुण तपसी'
(B) लक्ष्मीप्रसाद देवकोटाओ 'शाकुन्तल'
(C) सोमनाथ सिग्द्यालको 'आदर्श राघव'
(D) मोतीराम भट्टको 'प्रह्लाद-भक्ति-कथा'

**14.** संस्कृतको 'सूकर' शब्दबाट नेपालीको 'सुँगुर' शब्दको विकासमा देखिएको क > ग ध्वनि परिवर्तनको प्रक्रियालाई बालकृष्ण पोखरेलले कुन प्राकृत नियम अनुसार भएको ठहराएका छन् ?

(A) मागधी प्राकृत
(B) शौरसेनी प्राकृत
(C) निय प्राकृत
(D) खस प्राकृत

15. “रणमा हरले ‘वज्र’, हरिले ‘शूल’ हानियो ।
‘चीसो’ रगतको धारा फोहरासरि फैलियो ।।”
– यस श्लोकमा कुन प्रकारको दोष पाइन्छ ?
(A) पुनरुक्तता
(B) सन्दिग्धता
(C) प्रसिद्धिविरुद्‌धता
(D) साकाङ्क्षता

16. “मुग्लानमा ता चियाका बोटमा पैसा फल्छन्’रे भन्ने रूपकथा सुनेर अर्काका लहै लहैमा लागेर पहाड़ खण्डका हली कोदाले नेपालीहरु हजारौंको सङ्ख्यामा मुग्लान पस्छन् ।”
– यो भनाइ कुन कृतिबाट लिइएको हो ?
(A) भ्रमर
(B) मुलुकबाहिर
(C) ब्रह्मपुत्रको छेडछाड़
(D) आज रमिता छ

17. “जियमा कदेखि उठ्न्या बीस् थोक् ईनै हुन् बुझ” – भनेर मान्छेको शरीरमा क - वर्णबाट सुरु हुने नाम भएका बीसवटा अवयवादिको विवरण श्लोकबद्ध रूपमा प्रस्तुत गर्ने कवि को हुन् ?
(A) मोतीराम भट्ट
(B) दानराज लामिछाने
(C) शिखरनाथ सुवेदी
(D) भानुभक्त आचार्य

18. “जहाँसम्म गद्य-लेखको अति प्रचार हामरा पठित भ्रातृवर्गले गरने छइनन, ताहाँसम्म भाषामा कदापि सुधार हुने छैन ।”
– यो भनाइ कसको हो ?
(A) पारसमणि प्रधान
(B) गङ्गाप्रसाद प्रधान
(C) राममणि आदी
(D) सूर्यविक्रम ज्ञवाली

19. व्यञ्जना व्यापारमा-प्रकरणको भूमिका ठुलो हुन्छ भन्ने धारणा कुन आचार्यले प्रकट गरेका छन् ?
(A) आनन्दवद्‌र्धन
(B) मम्मट
(C) दण्डी
(D) भामह

20. तलका मध्ये कुनचाहिँ मानस्वरलाई आठौँ मानस्वर भनिन्छ ?
(A) उ (u)
(B) इ (i)
(C) ए (e)
(D) अ (a)

21. बन्द वर्गका शब्द भन्नाले कस्ता शब्द बुझिन्छन् ?
(A) प्रत्यय र उपसर्ग
(B) भाषाका ठेट शब्द
(C) भाषामा थोरै सङ्ख्यामा रहेका र रूपमा प्राय: थपघट नहुने शब्द
(D) सबै प्रकारका विकारी शब्द

22. नेपाली शब्दका आधार रूपमा - ई, ईय, - औली, उवा आदि प्रत्यय लाग्दा कस्ता शब्द बन्दछन् ?
(A) भाववाचक संज्ञा
(B) व्युत्पन्न विशेषण
(C) अकर्मक क्रियापद
(D) परस्थानिक

23. "अस्तित्ववादबाट थालिएर विसङ्गतिवाद हुँदै उनको उपन्यास लेखन यात्रा मार्क्सवादमा अडिनप्रगेको छ ।" – यो कुरा कुन उपन्यासकारका सन्दर्भमा भनिएको हो ?

(A) ध्रुवचन्द्र गौतम

(B) पारिजात

(C) कृष्ण धरावासी

(D) भीम दाहाल

24. नेपालीमा मिझार शब्द कुन भाषाबाट आएको हो ?

(A) नेवारी

(B) मगर

(C) गुरुङ

(D) किराती

25. "साहित्य सदैव वर्तमान र शाश्वत हुन्छ, यो कहिल्यै विगत बन्दैन । त्यसैले यसको कुनै इतिहास हुँदैन ।" – यस्तो मन्तव्य कसले प्रकट गरेका हुन् ?

(A) रेने वेलेक

(B) हिप्पोलित अदोल्फ तेन

(C) डब्ल्यु, पी. क्यार

(D) इ.एच. क्यार

26. 'पछैँ यो कविता शरण् सकलका पालन गरुन् प्रीतिले ।'

– यसो भनेर आफ्नो कृति पाठक समक्ष प्रस्तुत गर्ने कवि को हुन् ?

(A) भानुभक्त आचार्य

(B) मोतीराम भट्ट

(C) लेखनाथ पौड्याल

(D) लक्ष्मीप्रसाद देवकोटा

27. मोतीराम भट्टले गरेका कविका भेद कुन कुन हुन् ?

(A) सहज र संसर्गी

(B) सरल र जटिल

(C) सहज र आहार्य

(D) सहज, आहार्य र आभ्यासिक

28. पनौनी शब्दको अर्थ के हो ?

(A) कसैबाट पाउन बाँकी रहेको वस्तुको अंश

(B) अन्न थन्क्याउने ठाउँ

(C) गाउँ-बस्तीतिर पानी खाने सार्वजनिक धारो वाइनार

(D) हराएको वस्तु भेट्टाइदिने व्यक्तिलाई दिइने इनाम

29. हात्तीको शिशुलाई छावा भनिन्छ भने गैँडाको शिशुलाई के भनिन्छ ?

(A) टिउरो

(B) कैँडो

(C) केटो

(D) गाँडु

30. मने उपन्यासको मूल विषयवस्तु केमा केन्द्रित छ ?

(A) दोस्रो विश्वयुद्ध

(B) चियाबारीको जीवन

(C) दार्जिलिङको पर्यटन र राजनीति

(D) प्रेम-प्रीति र अपराध

31. सन् 1980 को दशकको गोर्खाल्यान्ड आन्दोलनकालसित सम्बन्धित उपन्यास कुन हो ?

(A) सुवास घिसिङको मने

(B) प्रकाश कोविद्को चालीस दिन

(C) भगीरथ रावतको माटोको माया

(D) बद्रीनारायण प्रधानको भुमरी

32. 'लक्ष्मीप्रसाद देवकोटाको प्रकृति सिद्धिचरणको भन्दा अलिक उत्ताउलो भयो ........ ।'

– यस्तो मन्तव्य प्रकट गर्ने समालोचक को हुन् ?

(A) ईश्वर बराल

(B) रत्नध्वज जोशी

(C) वासुदेव त्रिपाठी

(D) कृष्णचन्द्रसिंह प्रधान

33. लेखनाथ पौड्यालकृत 'पाटीमा ढाक्रेको पसारो' कवितामा पाटी केको प्रतीक हो ?

(A) यात्रीहरुलाई वास बस्नका लागि बनाइएको घर

(B) मानव शरीर

(C) चौतारो

(D) जगत्

34. 'अरनी' शब्दको अर्थ के हो ?

(A) आसामीले साहुलाई बुझाउने तिरोभारो

(B) खनजोत नगरी छोडिएको पर्ती भूमि

(C) चोयामा मालाजस्तो पारेर उनिएको माछा

(D) खाजा

35. नेपालीमा शून्यवादी रङ्गमञ्चका प्रयोगकर्ता को हुन् ?

(A) अशेष मल्ल

(B) सरुभक्त

(C) अविनाश श्रेष्ठ

(D) सि.के. श्रेष्ठ

36. तलका मध्ये समका कुन चाहिँ नाटकमा स्वैरकल्पनाको प्रयोग गरिएको छ ?

(A) स्वास्नी मान्छे

(B) तलमाथि

(C) तानसेनको झरी

(D) ऊ मरेकी छैन

37. भारतीय नाट्य सिद्धान्तीय शब्दावलीमा नाटकमा नेपथ्यबाट सूचित गरिएको कथांशलाई के भनिन्छ ?

(A) विष्कम्भक

(B) प्रवेशक

(C) अङ्कमुख

(D) चूलिका

38. लोकसाहित्यशास्त्रमा 'अभिप्राय' शब्दको प्रयोग कुन अर्थमा गरिन्छ ?

(A) नायकको उद्देश्य

(B) कथाले बुझाउन चाहेको कुरा

(C) कथामा घरिघरि दोहोरिएर प्रयोग हुने पात्र, घटना आदि ।

(D) कथाकारले कथा भन्नाको कारण

39. कविताको एउटा मुख्य तत्त्व छन्द हो भने गीतको मुख्य तत्त्व के हो ?

(A) तुकबन्दी

(B) राग

(C) लय

(D) अनुप्रास

**40.** संस्कृत नाट्यशास्त्रअनुसार रङ्गमञ्चको विघ्नशान्तिका लागि नाटक सुरु गर्न अघि सूत्रधारद्वारा गरिने देवस्तुति आदिलाई के भनिन्छ ?

(A) प्रवर्तक

(B) प्रवेशक

(C) अपवारित

(D) नान्दी

**41.** एउटा भाषिक एकाइको अर्थ अर्को भाषिक एकाइका सान्निध्यबाट खुल्दछ भन्ने मान्यतालाई फर्थेली भाषा-वैज्ञानिक शब्दावलीमा के भनिन्छ ?

(A) प्रसङ्ग सिद्धान्त

(B) सन्निधान सिद्धान्त

(C) प्रयोग सिद्धान्त

(D) भाषिक सापेक्षतावाद

**42.** "सुबोध बाबु सबको बाबु वा दाजु हुन चाहन्छन्, सबलाई हप्काउन चाहन्छन्, सबको प्रेम पाउन चाहन्छन्, सबैले उनको कुरा मानिदिएको चाहन्छन् ।"

– कथाको कथकले कथामा सुबोध बाबुको यस्तो चरित्र हुनाको मुख्य कारण के हुनसक्ने सङ्केत गरेको छ ?

(A) हैकमवादी प्रवृत्ति

(B) उपनिवेशवादी संस्कार

(C) संयुक्त परिवारमा बस्ने संस्कार

(D) अभिभावकीय मानसिकता

**43.** 'सपना शक्ति' शीर्षक कथाबाट लिइएका निम्नलिखित वाक्यमा वर्णित घटनाहरुलाई कथामा तिनको प्रस्तुतिको उपयुक्त क्रम तल दिइएका कोडका सहायताले खुट्याएर चिह्नित गर्नुहोस् ।

1. त्यो एकदम दुब्लो भएको रहेछ ।
2. एक दिन बिहानै त्यो मेरो घरैमा आएछ ।
3. यसलाई फेरि देख्नुपऱ्यो भनेर ।
4. सब कुरा शान्त भएजस्तो भइसकेको थियो ।
5. मलाई चाहिँ रिस उठ्यो ।
6. मलाई देखेर एकदम डरायो पनि ।

(A) 4, 2, 1, 6, 5, 3

(B) 2, 1, 6, 4, 3, 5

(C) 1, 6, 2, 4, 5, 3

(D) 2, 3, 5, 6, 1, 4

**44.** विभिन्न भाषाका शब्द मिसाएर लेखिएका माध्यमिककालीन कविका कवितालाई समालोचकहरुले कुन संज्ञा दिएका छन् ?

(A) बहुभाषिक कविता

(B) मिस्कट कविता

(C) क्वाँटी भाषे कविता

(D) खिचडी कविता

**45.** "म यहाँ कवितात्मक नाटककार बनेको हुँला अथवा पद्यात्मक उपन्यासकार । के उपन्यास छन्दमा लेख्न सकिँदैन ?"

– लक्ष्मीप्रसाद देवकोटाले यो कुरा आफ्नो कुन कृतिका सन्दर्भमा भनेका हुन् ?

(A) शाकुन्तल महाकाव्य

(B) प्रमिथस महाकाव्य

(C) लक्ष्मी निबन्ध सङ्ग्रह

(D) सुलोचना महाकाव्य

**46.** नेपाली क्रियार्थक नामपदको चिह्न कुन हो ?

(A) – ई, – एर

(B) – दो, – दै

(C) – नु, – न

(D) – ला, – ली

**47.** व्यञ्जना व्यापारमा प्रकरणको भूमिका ठुलो हुन्छ भन्ने मत कुन आचार्यको हो ।

(A) मम्मट

(B) आनन्दवर्द्धन

(C) दण्डी

(D) विश्वनाथ

**48.** भामहले सम्पूर्ण वाङ्मयलाई दुई वर्गमा बाँड्न सकिन्छ भन्ने मत व्यक्त गरेका छन् । ती दुईवटा वर्ग कुन कुन हुन् ?

(A) गद्य र पद्य

(B) वाच्य र व्यङ्ग्य

(C) स्वभावोक्ति र वक्रोक्ति

(D) श्रव्य र दृश्य

**49.** भाषिक ध्वनिको अध्ययन गर्ने क्रममा मूलस्वरको अवधारणा सर्वप्रथम कसले प्रतिपादन गरे ?

(A) ड्यानियल जोन्स

(B) ए.जे. एलिस

(C) हेनरी स्वीट

(D) अलेक्जान्डर मेलविल बेल

**50.** कोडा केलाई भनिन्छ ?

(A) कूटपद

(B) अक्षरको आरम्भ

(C) अक्षरको केन्द्र

(D) अक्षरको अन्तिम भाग

**51.** 'यूमा' नाटकका रचनाकार को हुन् ?

(A) मोहनराज शर्मा

(B) अभि सुवेदी

(C) नन्द हाङखिम

(D) राजु प्रधान हिमांशु

**52.** उपन्यासको कथानक भन्नाले के बुझिन्छ ?

(A) कथावस्तु

(B) कथासार

(C) कार्य-कारण शृङ्खलामा प्रस्तुत घटनावली

(D) कथाको संरचना

**53.** "कपासको भुवा उडाइलग्यो बतासको सिर्कैले
कुवाको पानी कुवैमा रह्यो
घ्याम्पाको निथार घ्याम्पैमा रह्यो
म मरेँ तिर्खैले, भेइ आः आः ।"

– यो कुन प्रकारको लोकगीतको अंश हो ?

(A) टुङ्ना

(B) सेलो

(C) हाकपारे

(D) रसिया

**54.** नेपाली लोककथाको पहिलो सङ्कलन कुन हो ?

(A) ललितजङ्ग सिजापतिको दन्त्यकथामाला ।

(B) सुवर्ण शमशेर ज.ब.रा. को दन्त्यकथा ।

(C) बोधविक्रम अधिकारीको नेपाली दन्त्यकथा ।

(D) काजीमान कन्दङ्वाको आठकथा ।

**55.** सार्वनामिक विशेषण भन्नाले के बुझिन्छ ?

(A) विशेषणको काम गर्ने सर्वनाम ।

(B) विशेषणबाट बनेको सर्वनाम ।

(C) विशेषण लागेको सर्वनाम ।

(D) सर्वनामको काम गर्ने विशेषण ।

56. चूडामणि बन्धुले देखाए अनुसार पाइकेली सिद्धान्तका आधारमा नेपालीका आधारभूत वाक्य कति प्रकारका छन् ?

(A) 100

(B) 20

(C) 16

(D) 11

57. नेपाली लेखनमा 'सजिलोवाद' नामक व्याकरणिक आन्दोलनका प्रस्तावक को हुन् ?

(A) चूडामणि बन्धु ।

(B) रामराज पन्त ।

(C) गोपाल पाँडे 'असीम' ।

(D) बालकृष्ण पोखरेल ।

58. एम.एम. गुरुङको आयोजनामा सुरु गरिएको साहित्य-लेखन आन्दोलनको नाउँ के हो ?

(A) खेत कविता ।

(B) सङ्क्रमण लेखन ।

(C) संरक्षण कविता आन्दोलन ।

(D) साहित्य-चौतारी ।

59. " उसले नजिकै थचक्क बसेर भनी – ठुला मानिस थरी थरीका हुन्छन् । असल मानिस भने एकथरीका मात्र हुन्छन् । ठुलो हुनपट्टि नलाग्नु, असल हुनपट्टि लाग्नु, नानी ।"

– यो उपदेश कसले कसलाई दिएको हो ?

(A) 'अन्धवेग'मा गरुडध्वजले ठुल्नानीलाई ।

(B) 'अतृप्त' उपन्यासमा एकजना बुढो व्यक्तिले 'म'पात्रलाई ।

(C) 'सहनशीला सुशिला' नाटकमा बुढो गाउँलेले ।

(D) 'मोदिआइन' उपन्यासमा मोदिआइनले 'म' पात्रलाई ।

60. "........काठमाडौं उपत्यकामा नेपाली जुन रूपमा बोलिन्छ, त्यसको आधारमा भन्ने हो भने अधिकांश नेपाली व्याकरणका नियमहरू पालन नगरे पनि हुन आउँछ ।"

– यस्तो मन्तव्य कसले प्रकट गरेका हुन् ?

(A) तारानाथ शर्मा

(B) विजय मल्ल

(C) कमल दीक्षित

(D) मोहन कोइराला

61. "ऊ पनि हरि, यो पनि हरि । ऊ माहुरीको महको थोपा; यो नागको वीषको थोपो । देख्दाखेरि उस्तै दुवै सेता निर्मल देखिन्छन् ।"

– यो कथन कसको हो ?

(A) समको 'प्रह्लाद'-मा हिरण्यकशिपु ।

(B) पहलमानसिंह स्वाँरको 'अटलबहादुर' नाटकमा सेनाधिपति ।

(C) 'काशीवास' नाटकको राम ।

(D) लीलबहादुर छेत्रीको 'बसाइँ'-को कान्छा साहु ।

62. "तिलक अकलुको घरमा खान्थ्यो । लामो परिवार, सारा नातेदारलाई चिन्न अकलुलाई धौ धौ पर्छ ।"

– यस उद्धरणमा प्रयुक्त 'लामो' शब्दले के बुझाउँछ ?

(A) धेरैजना मान्छे भेला भइरहने परिवार ।

(B) संयुक्त परिवार ।

(C) पुरानो परिवार ।

(D) धेरै नाता-गोताहरु भएको परिवार ।

**63.** गिरीशचन्द्र घोषको 'आबू हुसेन'को नेपालीमा तुक मिलाइएको भाषामा मुक्तप्राय: अनुवाद कसले गरेका थिए ?

(A) हस्तलाल गिरी

(B) धनवीर मुखिया

(C) जेम्स डन

(D) भैया सिंह

**64.** "लयका दृष्टिले हेर्दा उनले आफ्ना कविता-यात्रामा विविध वर्णमात्रिक र मात्रिक छन्दका साथै अनेकौं लोकछन्द र स्वतन्त्र लय (गद्यकवित्व) को समेत प्रयोग गरेको देखिन्छ । सङ्ख्यात्मक दृष्टिले वर्णमात्रिक र मात्रिक छन्दतर्फ उनको प्रचुर आकर्षण प्रथमत: देखिन्छ भने लोकछन्दलाई कवितात्मक उचाइतिर पुऱ्याउने अग्रज कवि पनि उनी नै हुन् ।"

– यो टिप्पणी कुन कविका विषयमा गरिएको हो ?

(A) अगमसिंह गिरी

(B) लक्ष्मीप्रसाद देवकोटा

(C) माधवघिमिरे

(D) बालकृष्ण सम

**65.** "कवि शिरोमणि लेखनाथ पौड्यालका 'सत्य-सन्देश' हरु ______ का प्रसिद्ध तथा उत्कृष्ट नमुना हुन् ।"

– यस उद्धरणमा रहेको खाली ठाउँमा तलको कुनचाहिँ अभिव्यक्ति राख्नु उचित हुन्छ ?

(A) चतुष्पदी मुक्तक

(B) पद्य

(C) पर्यायबन्ध

(D) कलापक

**66.** "बच्ची छौ सुर-सुन्दरी चुस तिमी यी दूध मीठा स्तन ।

आमातुल्य दयावती प्रकृतिका खाए सबै व्यञ्जन ।।"

मेरो आशिषसाथ दिव्य सुषमा पाई बढे फूल झैँ ।

आफ्नो चाह चुसी हवा र वनमा राम्रो फुले फूल झैँ ।।

– 'शाकुन्तल' महाकाव्यका यी पङ्क्तिमा उल्लिखित 'सुरसुन्दरी' को हुन् ?

(A) मेनका

(B) चारु

(C) शकुन्तला

(D) प्रियम्वदा

**67.** "धीरधाममुनि पुग्दा तिनको क्रोधको सीमा रहेन । म्युनिसिप्यालिटीले यति सानो बाटो बनाउन कति दिन लाएको ? म्युनिसिप्यालिटीका सब मान्छे अल्छी हुन्, पैसा धुत्न मात्रै जान्दछन् ।"

– यी वाक्यहरुका लेखक को हुन् ?

(A) रूपनारायण सिंह

(B) इन्द्रबहादुर राई

(C) विश्वेश्वरप्रसाद कोइराला

(D) वीरविक्रम गुरुङ

**68.** व्यवस्थापरक व्याकरणअनुसार वस्तुलाई रूपसँग जोड़ने वर्ण र लिपि हुन् भने रूपलाई स्थितिसँग जोड़ने तत्त्व के हो ?

(A) संरचना

(B) सन्दर्भ

(C) व्यवस्था

(D) कर्मकता

69. भाषाका कथ्यतल र अभिव्यक्तितल गरी दुईवटा प्रमुख धरातल हुन्छन् भन्ने धारणा कुन भाषाविज्ञानीले व्यक्त गरेका हुन् ?

(A) आन्द्रे मार्तिने

(B) के.एल. पाइक

(C) रोमन याकोब्सन

(D) लूई ह्येल्म्स्लेव

70. "संस्कृत परम्परामा होस् वा ग्रीक-ल्याटिन परम्परामा होस्, आ-आफ्ना भाषालाई श्रेष्ठ ठान्ने र अन्य भाषाहरुलाई महत्त्व नदिने चलन थियो ।"

– यस्तो चलनलाई एस.आर.लेविनले कुन संज्ञा दिएका छन् ?

(A) ल्याटिन भ्रान्ति

(B) भाषिक अन्धविश्वास

(C) एकत्ववाद

(D) भ्रामक व्युत्पत्ति

71. "देवकोटाज्यूलाई मात्तै किन मुछ्ने, यहाँ त प्रत्येक नेपाली लेखकको यही गति छ ।"

– बालकृष्ण पोखरेलको यस टिप्पणीले देवकोटासहित 'प्रत्येक नेपाली लेखकको' कुन दोषतर्फ औँल्याएको हो ?

(A) व्याकरणगत अशुद्धि ।

(B) विदेशी साहित्यको प्रभावाधिक्य ।

(C) झर्रा नेपाली शब्दहरुको प्रयोगको न्यूनता ।

(D) भावातिशयता ।

72. "शब्दहरु काँचा काठहरु हुन् भने साहित्य टेबल, कुर्सी त्यस्तै के-के हुन् सायद । तर ती काठहरुलाई सुकाई, काटी, ताछी, सम्याई, बुट्टा भरी, वार्निस लगाई तयार पार्ने सुदक्ष शिल्पी बालकृष्ण सम हुन् ।"

– समको लेखनबारे यस्तो टिप्पणी गर्ने को हुन् ?

(A) कृष्णचन्द्रसिंह प्रधान

(B) कुमार प्रधान

(C) इन्द्रबहादुर राई

(D) राजनारायण प्रधान

73. यो उपन्यास "यथार्थवादको बिब्ल्याँटो उभिएको छ, समाज सुधारका ध्येयमा निर्मित यस कलाकृतिमा ठाउँठावैँ भाषण छ, जीवनका ज्ञानको सर्वथा अभाव छ ।"

– समालोचकले यस्तो टिप्पणी कुन उपन्यासका विषयमा गरेको हो ?

(A) भ्रमर ।

(B) लगन ।

(C) डाकबङ्गला ।

(D) मङ्गली ।

74. "बातचितका अघिपछि कथन-विवरणहरु राखेर हाम्रो ध्यान विकेन्द्रित गरिएको छैन, हेमिङ्वेले जस्तो बातचित मात्र सग्लो राखिदिएर पात्रहरूको मनस्थिति हाम्रो हृदय-पटलमा अङ्कित गर्छन् ।"

– यो टिप्पणी कुन लेखकको लेखन-शैलीबारे गरिएको हो ?

(A) रूपनारायण सिंह

(B) लैनसिंह बाङ्देल

(C) विजय मल्ल

(D) इन्द्रबहादुर राई

75. नेपाली नाम-पदबन्धमा सङ्ख्यावाचक शब्द र नामका बिचमा आउने शब्दलाई के भनिन्छ ?

(A) सङ्ख्यावाचक विशेषण

(B) कोटिकार

(C) निपात

(D) अभिकर्ता

**Space For Rough Work**